अविलम्व प्रेषणका लागि

# विश्व बैंक

## सबैका लागि शिक्षा कार्यक्रमका निमित्त विश्व बैंकले नेपाललाई सहयोग गर्ने

***प्राथमिक भर्नामा वृद्धि तथा क्षेत्रगत अवधारणा अनुरुप सेवाको वितरणमा सुधार ल्याउन ५ करोड अमेरिकी डलर दिइने***

**वाशिङ्गटन, २०६१ असार २४ गते ।** विश्व बैंकले नेपालको सबैका लागि शिक्षा कार्यक्रममा ५ करोड अमेरिकी डलर बराबरको ऋणसहयोग प्रदान गर्न स्वीकृति जनाएको छ । सो कार्यक्रमलाई बैंक लगायत डेनमार्क, फिनल्याण्ड, नर्वे र संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभागले सहयोग गरिरहेका छन् । सो कार्यक्रमले प्राथमिक कक्षाहरुमा भर्नाको दर विशेषत: सामाजिक रुपमा सुविधाविहीन समुहहरुका बालिका तथा केटाकेटीहरुको भर्नादरमा वृद्धि ल्याउने र शिक्षाको स्तरीयता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ ।

नेपालले शिक्षाका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । यसको प्रमाणका रुपमा सन् १९९८ मा ६९% प्राथमिक भर्नादर रहेकोमा सो दरमा वृद्धि भई सन् २००१ मा ८१% पुगेको कुरालाई लिन सकिन्छ । यो उपलब्धिका बाबजुद पनि सन् २०१५ सम्ममा सबैका लागि प्राथमिक शिक्षा उपलब्ध गराउने सहश्राब्दीको विकासको लक्ष्य हासिल गर्नु चुनौतिपूर्ण नै रहेको छ । अझ पनि २५% बालबालिकाहरु विद्यालय जानबाट वञ्चित रहेका छन् । त्यसमा पनि दलित तथा सुविधाविहीन जनजाती समुदायका बालबालिकाहरुको भर्नादर अनुपातिक रुपमा कम प्रतिनिधित्व रहेको छ ।

*'शिक्षामा अहिले हासिल भएका उपलब्धिहरुलाई कायम राख्नका साथै सबैका लागि शिक्षा भन्ने लक्ष्यलाई हासिल गर्न अझ धेरै काम गर्न जरुरी छ' विश्व बैंकका शिक्षा विशेषज्ञ* **चीङ्गबुन ली***को भनाई छ । 'राजनैतिक अस्थिरता तथा विद्रोही गतिविधिबाट उत्पन्न मुलुकको कठिन परिस्थितिमा यो कार्य अत्यन्तै चुनौतिपुर्ण छ । यसका लागि विद्यालयहरुको व्यवस्थापनमा स्थानीय समुदायहरुको सशक्तीकरणका साथै ति विद्यालयहरुले एकमुष्ठ अनुदानका रुपमा प्राप्त गर्ने स्रोतका सन्दर्भमा केन्द्रीय इकाईहरुद्वारा सेवाको वितरण प्रणालीमा परिवर्तन गरिने मुख्य रणनीति रहेको छ ।'*

श्री ५ को सरकारको अगुवाई तथा दाताहरुको समर्थनमा संचालित क्षेत्रगत अवधारणाको एक अंशका रुपमा आगामी पाँच वर्ष अवधिमा आधारभूत तथा प्राथमिक शिक्षा क्षेत्रमा खर्च गर्नका लागि आज अनुमोदित ५ करोड अमेरिकी डलरमा डेनमार्क, फिनल्याण्ड, नर्वे तथा संयुक्त अधिराज्यबाट अनुदानका रुपमा प्राप्त १० करोड अमेरिकी डलर थप कोष रहेको छ ।

सबैका लागि शिक्षाका लक्ष्यहरुमा भएका प्रगतिहरुको अनुगमन साझा प्रतिफलको संरचना र सरकारी नियम तथा प्रक्रियाकाहरुका आधारमा सामाञ्जस्यीकरणको कार्यसूचिसँग तालमेल हुने गरी दातृ समुदाय तथा श्री ५ को सरकार कारोबार लागत घटाउन प्रतिबद्ध रहेका छन् । यसमा सरकारी तथा दातृ समुदायका एकिकृत कोषको लेखापरीक्षण, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया तथा सूचना अपवादका रुपमा रहेका छन् । अन्तर्राष्ट्रिय विकास संस्थाद्वारा आज स्वीकृत ५ करोड अमेरिकी डलरको भुक्तानी अवधि ३५ वर्ष हुनुका साथै सेवाशुल्क ०.७५% रहेको छ ।

*नेपालमा विश्व बैंकका कार्यक्रम तथा गतिविधिहरुका बारेमा थप जानकारीका लागि:*
*http://www.worldbank.org/np*
*http://www.biswabank.org/np*